चाइनिज भाषाको कक्षा संचालन

१० वर्षको अनुभव प्राप्त चाइनिज शिक्षकहरुद्वारा चाइनिज भाषाको कक्षा संचालन भइरहेको हुँदा ईच्छुक व्यक्तिहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

नोट : विशेष टेकिङ्ग गाइड्, अफिस म्यानेजर, प्रोजेक्टमा काम गर्ने, पर्यटन व्यवसायीहरुमा काम गर्नेहरुका लागि र हङकङ, बेजिङ्, मकाउमा अध्ययन गर्न जानका लागि अति उत्तम ।

सम्पर्क :
BEAUTIFUL POKHARA ADV.P.LTD.
Phone : 061-464060, 9846038382

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

वर्ष ८ ○ अंक १२८ ○ श्रेणी 'क' ○ २०७२ माघ २६ गते मंगलवार ○ 9 Feb. 2016 ○ पृष्ठ ४ ○ मूल्य रु. ५/-

Office Sale!

1500 Sq Ft. office Sale in front of Ratna emporium with inverter/Ac/Furniture/phone/intercom/wifi fully Decorated 3 cabin with 1for rest,Totally tiles floor & attached toilet (western)

Cost:- Rs 40 lakhs but negottable

Interested parties may contact on following number as early as possible

Contact:-98161-02216

कास्की कांग्रेसमा केसी विजयी

शर्माको पक्षमा बनेको थापा, परियार, गुरुङ र चालिसेको गठवन्धन असफल

गोल्डेन न्यूज संवाददाता
पोखरा २५ माघ ।

नेपाली कांग्रेस कास्कीको सभापतिमा कृष्ण केसी निर्वाचित भएका छन् । सोमवार सम्पन्न निर्वाचन परिणाम अनुसार केसीले ३६९ मत प्राप्त गरेका थिए भने उनका प्रतिस्पर्धी शुकराज शर्माले ३२८ मत प्राप्त गरे । यसैगरी सचिवमा सुदीपमोहन भट्टाईले २३७ मत प्राप्त गरि विजयी भए उनका निकटतम प्रतिद्वन्दी विष्णुप्रसाद पौडेलले २३० र दुर्गा तिमिल्सिनाले १९७ मत ल्याए । त्यसै गरि कोषाध्यक्षमा लक्ष्मी पाण्डेले ३ ४७ मत ल्याउदै विजयी भएकी छन् । उनका प्रतिद्वन्दी बोधबहादुर कार्कीले ३२४ मतमात्र प्राप्त गरेका थिए ।

कृष्ण केसी आफू संस्थापन पक्षको रहेपनि उनको विरुद्धमा संस्थापन पक्षका नेता भनिएका कांग्रेसका केन्द्रीय सदस्य एवं सांसद जीवन परियार र निवर्तमान सभापति एवं सांसद यज्ञबहादुर थापासहित उनीहरुका समर्थक खुलेर लागेका थिए। त्यतिमात्र नभए सभापतिको चाहना गरेपनि उम्मेदवारी दिन नसकेका र आसन्न महाधिवेशनमा संस्थापनको तर्फबाट केन्द्रीय सदस्यको उम्मेदवार बन्न खोजेका देवराज चालिसे समेत केसीकी विरुद्ध थिए । हाल देउवा पक्षमा लागेका पूर्व राज्य मन्त्री महादेव गुरुङ सहित केही देउवा पक्षका नेताहरुले समेत केसीको विरोध गरि शुकराज शर्मालाई खुला समर्थन गरेको भएपनि शर्मा ४१ मतले पछाडि परे । कास्की कांग्रेसमा चर्चस्व कायम गरेका भनिने शर्माको पराजयले संस्थापन पक्षका नेता थापा, परियार र चालिसेलाई मात्र नभइ देउवा पक्षका महादेव र शोभितबहादुर अधिकारीलाई समेत चुनौती दिएको छ ।

केसीलाई संस्थापन पक्षका मानिने पार्टीका पूर्व महामन्त्री तारानाथ रानाभाट तथा देउवा पक्षका नेता खेमराज पौडेल र प्रकाश बहादुर गुरुङ लगायतले भने खुलेर समर्थन गरेका थिए ।

आइतवार केसी र शर्माले सभापतिमा उम्मेदवारी घोषणा गरेपछि आफूलाई देउवा पक्षका

सद्भोग : गगधर पराजुली

कास्की कांग्रेसको सभापतिमा निर्वाचित कृष्ण केसी (बीचमा), सचिवमा निर्वाचित सुदीपमोहन भट्टाई (बाँयाँ) र कोषाध्यक्षमा निर्वाचित लक्ष्मी पाण्डे ।

कास्की क्षेत्र नं. २ सदस्यका उम्मेदवारहरुको मत		कास्की क्षेत्र नं. ३ सदस्यका उम्मेदवारहरुको मत	
उमेशराज पराजुली	४६	दामोदर अधिकारी	४६
घनश्याम बराल	२८	दामोदर चालिसे	३४
टेकबहादुर काकी	२९	दीपकवीर कुँवर	३४
दीपकराज भट्टाई	२८	विष्णुहरि बराल	२९
धर्मराज थापा	२६	भरतराज पौडेल	२८
नविन सिग्देल	५९	भीम गौतम	५१
पं चिरञ्जीव बराल	४२	युवराज लामिछाने	४६
मदनबहादुर खवी	५५	रघु पराजुली	३३
मिनबहादुर गिरी	४८	रंगिला आचार्य	५६
मुकुन्द बस्तौला ज्वाला	४५	रामराज लामिछाने	३६
रामबहादुर कार्की	३९	लक्ष्मण पहारी	१२
शिरोमणि बराल	२४	लक्ष्मीबहादुर भट्टाई	३०
सुमन पौडेल	२१	विलमाया कोइराला	१३
हरि आचार्य	६७	नम्रता बराल	३४
हिमलाल बराल	१२	शारदा गिरी	२०
अनिता तिमिल्सिना	५०	शारदा सुवेदी	१४
विष्णु कार्की	४०		

मानिने गुरु बराल र अर्का युवा कृष्ण कार्कीले समेत उम्मेदवारी स्थगित गरे । त्यसपछि विभिन्न खाले कोठे बैठक हुदै अन्तिम समयिकरण बमेकी थिए । जसअनुसार शुकराज शर्माले देवराज चालिसेसंग समर्थन लिएर चालिसे निकट विष्णु पौडेललाई सचिवमा र यज्ञबहादुर थापाको समर्थन लिएर थापाका आफन्त बोधराज कार्कीलाई कोषाध्यक्षमा उम्मेदवार तय गरेका थिए । त्यसअघि क्षेत्र नं. १ मा सभापतिको चाहना गरेको सुदीपमोहन भट्टाईलाई सांसद थापा र परियारले रोकेर प्रकाश खनालेलाई क्षेत्रीय सभापतिको उम्मेदवार बनाएका थिए । थापा र परियारको प्रयासका बाबजुद क्षेत्रीय सभापतिमा खनाल बीजीमान गुरुङसंग पराजित भए ।

आफूलाई क्षेत्रीय सभापतिमा उम्मेदवारी दिन रोक लगाएपछि सुदीपमोहनले जिल्ला सचिवमा उम्मेदवार बन्ने घोषणा गरेकोमा त्यसलाई थापा र परियारले रोक्न सकेनन् तर शुकराज शर्मालाई जिताउने शर्तमा थापा र परियार सहित उनीहरुका समर्थक प्रकाश खनाल समेतले चालिसेको उम्मेदवार मानिएका विष्णु पौडेललाई जिताउन हर सम्भव प्रयास गरेका थिए । तर नेविसंघको राजनीतिमा क्रियाशीलता देखाएका र पछिल्लो पटक क्षेत्रीय सभापतिका लागि तयारी गरेका भट्टाईले अन्य २ जनालाई परास्त गर्न सके । भट्टाई केसी र शर्माको प्यानल भन्दा बाहिर रहेर निर्वाचनमा होमिएका थिए ।

जिल्ला अधिवेशनका क्रममा ४ वटा निर्वाचन क्षेत्रबाट निर्वाचित हुने सदस्यहरु मध्ये क्षेत्र नं. १ बाट ओमप्रकाश गुरुङ, विन्दु भण्डारी,रामबाबु भण्डारी, देवेन्द्र रानाभाट र नारायणकुमार श्रेष्ठ रहेका छन्। त्यस क्षेत्रबाट गौरी सापकोटा महिला सदस्यमा निर्वाचित भएकी छन्।

क्षेत्र नं. २ बाट खुल्ला तर्फ हरि आचार्य, नविन सिग्देल, मदनबहादुर खवी, मिनबहादुर गिरी र उमेश पराजुली तथा महिलातर्फ अनिता तिमिल्सिना क्षेत्र नं. ३ बाट खुल्लातर्फ रङ्गीला आचार्य, भीम गौतम, दामोदर अधिकारी, युवराज लामिछाने युवक, रामराज लामिछाने र महिलातर्फ नम्रता बराल निर्वाचित भए । यसैगरी क्षेत्र नं. ४ बाट विष्णुबहादुर क्षेत्री, शंकर ढुङ्गाना, अम्मरबहादुर कार्की, कृष्ण तिमिल्सिना र भरतराज अधिकारी खुल्लातर्फबाट एवं विजया चञ्चला रेग्मी महिलातर्फबाट निर्वाचित भएका छन् ।

पार्टीको जिल्ला सभापतिमा निर्वाचित भएपछि केसीले गोल्डेन न्यूज दैनिकसँग कुरा गर्दै निर्वाचनमा विजयी हुन नसकेका साथीहरुलाई सँगै लिएर पार्टीको सुदृढीकरणमा लाग्ने बताए । पार्टीलाई एकताबद्ध र सुदृढ बनाउन आफ्नो नेतृत्वको टीमले सदैव प्रयास गर्ने उनले स्पष्ट पारे । नर्वानर्वाचित सभापति केसी पार्टीको निर्वतमान जिल्ला सचिव पनि हुन् ।

पार्टीको जिल्ला अधिवेशनमा जिल्ला सदस्यका उम्मेदवार बनेका निर्वतमान सह-सचिव मुकुन्द बस्तौला सहितका केही नेताहरु पराजित भएका छन् । यसैगरी नेपाली कांग्रेस पोखरा उपमहानगर समितिका निर्वतमान सभापति विष्णुहरि बराल, वडा नं. ६ का पूर्व सभापति दीपकवीर कुँवर, वडा नं. ५ का पूर्व सभापति भरतराज पौडेल, पार्टीका पूर्व क्षेत्रीय सचिव रघुनाथ पराजुली, तरुण दलका पूर्व जिल्ला सभापति लक्ष्मी बहादुर भट्टाई, महिला संघकी क्षेत्रीय सभापति शारदा गिरी लगायतका नेताहरु पनि जिल्ला सदस्यमा पराजित भए ।

जसले जोशमा होस गुमाउँदा प्रेमिका समेत गुमाए...

गोल्डेन न्यूज संवाददाता
पोखरा २५ माघ ।

'साँझ साथीले पाटी दिएको छ तिमी पनि आउनुपर्छ' भनेर २१ वर्षीया धर्मेडाह सन्तिश भनिने कीर्तन खड्गीले निम्ता दिएपछि १८ वर्षीया नेहा पुन आफ्नो जिम्मेवारी सहकर्मीलाई सुम्पिएर न्यूरोडस्थित स्माइल क्याफेबाट निस्किइन् । कीर्तन र नेहाका बुवा नवलकोले आपसमा नाजोकिएका दुवैले सम्बन्धलाई बलियो पार्न धर्मडाह र बहिनी बनेका थिए । पहिले पनि पार्टी र अन्य कार्यक्रममा सँगै जाने भएकाले त्यो दिन पनि नेहा सात बजे कीर्तनसँगै पुगेकी थिइन ।

कीर्तनका साथी हडकड जानुअघि गत १८ गते सोमबार न्यूरो डस्थित ओपन टेबल रेस्टुरेन्टमा दिएको पार्टी मदिरासहित रात्रि नौ बजेसम्म चल्यो । साथीहरु खाए पिएर घरतिर लागेपछि कीर्तनले मोटरसाइकल रोके । मदिरासे मातिएका उनले नेहालाई घर नगई लेकसाइडतिर घुमौं र त्यसै होटलमा बसेर सँगै रमाइलो गर्ने प्रस्ताव राखे । जसलाई उनले अस्वीकार गरिन् ।

कीर्तनले दबाव दिन थालेपछि आक्रोशित नेहाले अश्लिल गाली गर्दै प्रतिवाद गरिन् । आफूलाई गाली गरेकोमा कीर्तन रिसले चुर भयो । रक्सीले समेत मातेका कीर्तनले रिस थाम्न सकेनन र सामुन्ने रहेकी नेहालाई हेलमेटले टाउको पछाडि र अगाडि हाने । चोट सहन नसकेर नेहा ढलिन् । मदिरा र काम वासनाले होस गुमाएका कीर्तनको करणी गर्ने मनासाय परिवर्तन भइसकेको थिएन । अचेत भएर पल्टिएकी नेहाको पाइन्ट खोलेर करणी गर्न खोजे । तर नेहाको कान र नाकबाट रगत बगेको र बोलाउँदा पनि हलचल नगरेपछि कीर्तन डराएर घरतिर फर्किए ।

पोखरा तालैको 'नेहा हत्याकाण्ड' की रहस्य खोल्दै सोमबार पहरीले यसरी घटनाक्रम सार्वजनिक गऱ्यो । शान्ति सुरक्षाको ग्यारेण्टी र हत्याका दोषीमाथि कडा कार्वाहीको माग राख्दै उनिहरुको मानव भीड सोमबार जिल्ला प्रहरी कार्यालय कास्कीको गेट अगाडि जम्मा भएको थियो । नेहा मारिएकै अघिल्लो दिन पोखराको मासवारमा ४० वर्षीया सरस्वती लिम्बुको पनि हत्या भएको थियो । दुई दिनमै दुई महिलाको लगातार भएको हत्याले नगरका आमा समूह, अधिकारकर्मी र मगर समुदायले आर्तनाद सुरक्षामाथि प्रश्न उठाउँदै लगातार विरोधमा उत्रिएका थिए । बाहिर गेटमा अभियुक्त सार्वजनिक गर्न दबाव दिँदै महिलाहरुको जुलुसले नारावाजी गरिरहेका बेला भित्र कास्कीका प्रहरी प्रमुख उपरीक्षक हरिबहादुर पाल नेहा हत्याकाण्डबारे अहिलेसम्म फेला परेका तथ्य पत्रकारहरुलाई सुनाउँदै थिए ।

'रक्सी खाएर मातेर राखेको करणी गर्ने प्रस्तावको चर्को विरोध गरेकोले नेहाको हत्या भएको अनुसन्धानबाट खुलेको छ,' पालले पत्रकार सम्मेलनमा भने-'अन्य प्रमाणले पनि कीर्तनलाई नै दोषी देखाउँछ ।' हत्याकाण्ड अनुसन्धानको नेतृत्व गरेका प्रहरी नायब उपरीक्षक गजुसिद्धी बजाचार्यले टाउकोमा गम्भीर चोट लागेकोले नेहाको मृत्यु भएको पोस्टमार्टमले देखाएको बताए । न्यूरोडस्थित पोखरा उपमहानगरपालिका कार्यालयको पश्चिमतर्फ घर भई नर्यावजार स्थित मामाको घरमा आमासँगै बस्दै आएका कीर्तनले गेम हाउस चलाउँदै आएका थिए । यसअघि प्रहरीले पार्टीमा सहभागी अन्य दुई युवकलाई नियन्त्रणमा लिएपनि उनीहरुको संलग्नता नदेखिएको जनाएको छ । घटनाको भोलिपल्ट मंगलवार विहान पीने सात बजेतिर पोखरा १५ नर्यां गाउँस्थित नेहाको घरदेखि ३ सय मिटर पूर्व शव देखिएको थियो ।

विहान घुमफिर गर्न निस्केका छिमेकीहरुले कालो कपडाले ढाकेको शव देखेर हल्ला गरेपछि बुझ्न जाँदा आफन्तले नेहा भनेर पहिचान गरेका थिए । दिउँ र आमासँगै बस्दै आएकी नेहाको मृत्युपछि आमा अर्कै मुच्छे परिवारमा मामा यामफुसार पुतले बनाए । नेहाले १२ कक्षासम्म अध्ययन गरेकी उनले जानकारी दिए । नेहाले केही वर्ष पहिला बनेकी मगर भाषाको चलचित्र 'गाउला' मा सह-नायिका र अर्को चलचित्रमा 'यूंपा' मा नायिकाको भूमिका निर्वाह गरेकी थिइन ।

स्यारदीको खिस्खो लाचाट पोखराको नर्यागाउँस्थित ऋषिमार्गमा आमा र दिदीसँग बस्दै आएकी उनी यस्ना न्यूरोडस्थित स्माइल क्याफे एण्ड रेष्टुरेण्टमा फ्रण्ट डेस्कमा काम गर्थिन् ।

रेष्टुरेण्टका प्रोपाइटर मेजन पुनले नेहा गाउँतिरकी चेली भएकीले पाँच महिनादेखि काममा राखेकी जानकारी दिए । 'नेहा सहयोगी र हकी स्वभावकी केटी थिइन,' मेजनले भने,-'गत सोमवार उनी क्याफेबाट पार्टीमा जानु छ भनेर सात बजे निस्कएकी रहिछन् । पार्टीमा जाँदा सोवाइल फोन बिसँकीने न्यापडलाइनमा सोधपुछ गरेर उनी केहि समयपछि लिन आएकी थिइन् । साथीको स्कूटरमा आएकी नेहाले स्टार्ट पनि बन्द नगरि भित्र पसेर मोवाइल तिनैवितिकै बाहिरिएकी क्याफेका कामदारले बताएका उनले सुनाए । नेहा हत्याकाण्डको छानविन गर्न प्रहरीले कास्कीका प्रहरी नायब उपरीक्षक गजुसिद्धी बजाचार्यको नेतृत्वमा पाँच सदस्यीय अनुसन्धान टोली खडा गरेको छ ।

'सरकार परिवर्तन तत्काल असम्भव'

गोल्डेन न्यूज संवाददाता
पोखरा २५ माघ ।

नेकपा एमालेका महासचिव ईश्वर पोखरेलले सरकारको नेतृत्व परिवर्तन तत्काललाई असम्भव देखिएको बताएका छन् । पँस चौतारी नेपाल कास्कीले मंगलवार पोखरामा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा महासचिव पोखरेलले नेतृत्व परिवर्तन कसैले सोचेर र चाहँदैमा हुन नसक्ने, प्रमुख पार्टी एक ठाउँमा बसेर गर्ने निर्णयबाट मात्रै नेतृत्व परिवर्तन हुन सक्ने टिप्पणी गरे ।

प्रमुख राजनीतिक दलबीच भएको भद्र सहमति तोडेर अगाडि बढेको कारणले नै नेपाली कांग्रेस सत्ताबाहिर रहन गएको धारणा राख्दै उनले कांग्रेसको १३ महाधिवेशन सम्पन्न भएपछि कांग्रेस पनि यही सरकारमा सामेल हुनसके दावी गरे । भारत र चीनसँगको सम्बन्धलाई सन्तुलित बनाउन

बाँकी २ पृष्ठमा.....

सुन्दर हेयर एण्ड ब्युटी

हामीकहाँ लेडिज एण्ड जेन्सको लागि Hair Cutting, Hair Colour, Skin Treatment, Hair Treatment, Head Massage, Hair Straight, Hair Curly, Hair Extension लगायत सबै किसिमको ब्युटिसम्बन्धी सेवाहरु उपलब्ध गराइन्छ । साथै मेसी कंघार, पेडी कंघार पनि गरिन्छ । प्रत्येक सुविधामा १५ प्रतिशत छुटको व्यवस्था समेत गरिएको छ ।

सम्पर्क: ४८४६८५४३३०
पोखरा ट्रेड मल, घिप्लेढङ्गा
(First Floor X2)

STUDY, WORK & LIVE IN
USA
Intake: Spring 2016
- USD 9000 PA Tuition Fee,
- High visa success rate,
- Special class for TOEFL/ IELTS on going for USA.

Min Req.: +2 or Eqvl.
IELTS: Optional
Hurry Up !
Limited Seats for Nepali Students

ROYAL International Education
Ranipauwa
House no.: 50, Infront of NTC
Tel: 061-533386
Email: info@royalien.com | Web www.royalien.com

BABIN TAILORING
Shirting & Suiting
बबिन टेलरिङ्ग में किन ?
- तपाईंले खोज्नेका कुनैपनि मुगलकालीन झगडाका कपडाहरुका तालिम,
- तपाईंले मनेको समयमा आकर्षक एवम् मुगलकालीन सिलाईका तालिम,
- आकर्षक तथा आधुनिक डिजाइनका तालिम,
- आकर्षक कोटका तालिम मुगलकालीन पेरिङ्ग मेडिल प्रयोग सहित,
- महीनो साथा, सहभाग र विद्यार्थीको निरन्तरताको तालिम,
- अर्डर बमोजिम अफिस, बैक, कलेज, स्कूल र विद्यालयका सम्पूर्ण पोशाकका तालिम ।

हाम्रो थाप्लो भर्ने बबिन टेलरिङ्गमा सिक्नुहोस्...
बबिन टेलरिङ्ग सर्टिङ्ग एण्ड सुटिङ्ग
DIGJAM Ashwini OCM Bodhi

हार्दिक बधाई एवं शुभकामना

श्री सुनिल कुमार गुरुङ

गण्डकी ट्याङ्कर व्यवसायी संघका अध्यक्ष श्री सुनिल कुमार गुरुङज्यू नेपाली कांग्रेस, पोखरा उप-महानगर समितिको अधिवेशनबाट गरिमामय कोषाध्यक्ष पदमा निर्विरोध निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौं ।

मनबहादुर क्षेत्री कार्की
महासचिव एवं
गण्डकी ट्यांकर व्यवसायी संघ पोखरा परिवार

■ कमाएर दाम जो भन्छ आफ्नै खान्डो ऊ खन्छ ।

- बालकृष्ण सम

सम्पादकीय ...

जनतालाई परिवर्तनको अनुभूति दिलाउ

नयाँ संविधान जारीसँगै औपचारिक रुपमा मुलुक संघीय संरचनामा प्रवेश गरेको छ । औपचारिकरुपमा राज्यको तर्फबाट संघीय ढाँचाअनुरुप कार्यक्रमहरु आउन नसके पनि प्रमुख राजनीतिक दल तथा अन्य संघ संगठनहरुले प्रादेशिक संरचनाको अभ्यास शुरु गरिसकेका छन् । नयाँ संविधान कार्यान्वयनको प्रमुख कार्यभारमध्ये संघीय संरचनाको कार्यान्वयन पनि प्रमुख हो । प्रदेशको राजधानी कहाँ हुने भन्ने विषय प्रदेशसभाले फैसला गर्ने भए पनि यसको अभ्यास जुनढुंगले शुरु भएको छ यसले संघीयता कार्यान्वयनमा थप सहयोग पुगेको छ । केही समय पहिले नेपाली कांग्रेसको प्रादेशिक तहको प्रशिक्षण र एकीकृत नेकपा माओवादीको प्रदेशस्तरीय बैठक सम्पन्न भएको छ । पाटीहरुका जनवर्गीय संगठन तथा शुभेच्छुक संगठनहरुले पनि संघीयताको अभ्यास शुरु गरिसकेका छन् । सयौं वर्षदेखिको केन्द्रिकृत एकात्मक राज्यसत्ताको अन्त्य गर्दै संघीय संरचनामा जानु यति सहज छैन । अहिले पनि संघीय संरचनाअनुसार प्रदेशहरुको सीमांकन लगायतका विषयमा असन्तुष्टिहरु कायमै छन् । यी विवादहरुको अन्त्य राजनीतिक शक्तिहरुबीचको एकतामे नै गर्नेछ । अहिलेको सन्दर्भमा गिभ एण्ड टेक नै सहमतिको सूत्र हो । मधेशी दलको आन्दोलनमा देखिएका केही विकृति र अनावश्यक वैदेशिक चलखेलबाहेक असन्तुष्टिहरुका कतिपय विषयमा राजनीतिक दलहरु गम्भीर हुनैपर्छ । पूर्णरुपमा प्रादेशिक संरचनाको कार्यान्वयन गर्न अझै केही वर्ष लाग्ने देखिन्छ । नेपालको सन्दर्भमा नयाँ अभ्यास भएकाले थप चुनौतीहरु आउँदै जानेछन् । चुनौतीको सामना गर्दै मुलुकको गतिलाई ठीक ढंगले अघि बढाउन राजनीतिक नेतृत्वले पहलकदमी लिनैपर्छ । राज्यसत्ताको संरचनागत ढंगले एकात्मक तथा केन्द्रिकृत स्वरुपका कारण हालसम्म देशको सम्पूर्ण साधन स्रोत तथा अवसर काठमाडौं केन्द्रित भएको छ । यसले हरेक गाम्रो कामको शुरुवात काठमाडौंबाटै हुनैपर्ने बाध्यता छ । एकात्मक राज्य सत्ताको उपज काठमाडौंबाट मोफसल, शहर तथा सदरमुकाममवाट गाउं सधैं उत्पीडनको शिकार बन्दै आएको छ । संघीयताको एजेण्डा केन्द्रिकृत राज्यसत्तालाई विकेन्द्रित गर्ने ध्येयका साथ अघि आएको हो । यसलाई सार्थकता दिनका निम्ति प्रादेशिक सरकारलाई स्रोत साधनको प्रयोग गर्ने अधिकार दिइनुपर्छ । सुरक्षा, मुद्रा नीति, परराष्ट्रनीति लगायतका राष्ट्रिय महत्वका विषय बाहेक अन्य कामको सन्दर्भमा केन्द्रभन्दा प्रदेश सरकारलाई बलियो बनाउनैपर्छ । संघीयता भनेको प्रदेश निर्माण गर्नु मात्रै होइन । हामीले प्रादेशिक संरचनाअनुसार गाउँतहसम्मै अधिकार प्रत्यायोजन गर्नुपर्छ । सर्वसाधारणहरुले सानो प्रक्रियागत कामका लागि घण्टौं हिंडेर सदरमुकाम जाने परिपाटीको अन्त्य गर्दै गाउंतहमै सेवा पाउने व्यवस्था गर्न सकेको खण्डमा सच्चिँदै जनताले पारिवर्तनको अनुभूति गर्न पाउनेछन् । समस्यावाट भास्नुभन्दा समस्यासग जुध्दै अघि बढुनुको कुनै विकल्प छैन । अन्तर्राष्ट्रिय अभ्यासहरुबाट पाठ सिक्दै नेपालले मौलिक ढंगले संघीयताको प्रयोग गर्नुपर्छ । अझै पनि नामांकन, राजधानी र थेरै भए पनि सीमांकनको विषय हल गर्न बाकी छ । नामांकन, सीमांकन तथा राजधानीको अभ्यास वैज्ञानिक ढंगले गर्न सकेको खण्डमा संघीयता कार्यान्वयन हुनसक्छ । प्रदेशको संख्या र सीमाको विषय अपरिवर्तनीय हुदैन । आवश्यकता अनुसार प्रदेशको संख्या घट्न र बढ्न सक्छ । तमाम चुनौतीहरुका बीच पनि जुनढंगले उत्साहपूर्ण तरीकारले प्रादेशिक संरचनाको अभ्यास शुरु भएको छ यसले अवश्य पनि मुलुकको गतिलाई अघि बढाउन मद्धत पुग्नेछ ।

आजको पञ्चाङ्ग

मिति २०७२ साल माघ २६ गते मंगलवार, तदनुसार फरवरी १ सन् २०१६, श्रीशाके १९३७, नेपाल संवत् ११३६, कौलकनामके: संवत्सर:, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शिशिर ऋतु चलिरहेको छ । चान्द्रमास अनुसार माघशुक्लपक्ष चलिरहेको छ । सौरमास अनुसार आज माघशुक्लपक्षको प्रतिपदाम तिथि ३५ घटि २१ पला अर्थात रातिमा ८ बजेर ४७ मिनेटसम्म त्यसउप्रान्त द्वितीया तिथि लाग्नेछ । आज सूर्य मकर राशिमा, चन्द्रमा मकर राशिमा अहोरात्र रहनेछ । आज विनमान २७ घटि २८ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ४९ मिनेटमा जयदेव मूहर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ४८ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : पारिवारिक जमघट बढ्ने, राजनैतिक क्षेत्रमा सफलता, गरेको प्रयास सार्थक रहनेछ दिन शुभ छ उपयोग गर्नुहोला ।

वृष : यशकृर्ति बढ्ने, शत्रुमाथि विजय हासिल, घरमा नयाँ मान्छेको आगामन हुनेछ, दिन सुखद बित्नेछ ।

मिथुन : गर्न खोजेको काम विफल हुनेछन, मनमा अशान्ति छाउने, स्वास्थ्यमा एक्कासी गडबडी आउन सक्नेछ सर्तक हुनुहोला ।

कर्कट : विरोधीहरु सक्रिय हुनेछन्, अपजस आईलाग्ने, अनावश्यक टकराव खेप्नु पर्ने दिन शुभ छैन चनाखो रहनुहोला ।

सिंह : सबै क्षेत्रबाट लाभ पाइन सक्ने, आर्थिक समस्याको समाधान हुने, नबिन कार्यको थालनी गर्दा राम्रो, दिन शुभ रहेको छ ।

कन्या : आर्टेजति काम गर्न असफल, अफत्यबाट विरोध आउनेछ, व्यापारमा मन्दी आउने, दिन सामान्य रहेको छ ।

तुला : आफन्तजनसंग मनमुटाव हुन सक्ला, मन चञ्चल रहने, पेटवा कम्मरको रोग लाग्ने, चिन्ता पर्ने खबर प्राप्त होला ।

वृश्चिक : मानसिक पीडा थपिने, मानहानी, आफन्तबाट धोका हुन सक्ने, आम्दानीका श्रोतहरू घट्नेछन् नआतिनु होला ।

धनु : ठाडावाट धन प्राप्त हुन सक्नेछ, प्रियतम भटघाट हुनेछ, धार्मिक क्षेत्रबाट लाभ पाइनेछ, स्वास्थ्य राम्रो रहेछ ।

मकर : नयाँ ठाउँमा जाँदा आदरसत्कार पाइने, नयाँ क्षेत्रमा गरेको लगानीबाट मनग्य आम्दानी, दिन अत्यन्त राम्रो छ ।

कुम्भ : सरकारी कार्य असफल हुन सक्छ, मुद्दा मामिलामा हात नहाल्नुहोला, इज्जतमा आँच आउन सक्नेछ ।

मीन : चोटपटकको भय, ठाडाको यात्रा असफल हुनेछ जोगिनुहोला, नास्तिक विचारले सताउनेछ, समय खराब रहेको छ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४९१४३६९

चीनको प्राथमिकता नेपाल हो कि भारत ?

रविन्द्र अधिकारी

नेपाली जनताले आफ्नो संविधान आफै बनाएकोमा मधेसको असन्तुष्टि र असुरक्षालाई देखाउँदै भारतले नेपालमाथि नाकाबन्दी लगायो । मृकम्पको घाउमा खाटी बस्न नपाउँदै हामीमाथि नाकाबन्दीजस्तो अत्यन्तै क्रुर अत्याचार गरियो । भारतले हामीलाई दुःख दिइरहँदा चीनले हामीलाई सहयोग गऱ्यो त ? अहिले हाम्रो मनमा यो प्रश्न उब्जिएको छ ।

वास्तवमा हामीले एकैचोटि भारत र चीन दुवैको नाकाबन्दी खेप्नुपरेको । तातोपानी नाका ५२ वर्ष अघिदेखि सञ्चालनमा आएको हो । भारत बाहेकको अर्को देशसँगको नेपालको पहिलो नाका हो यो । त्यहाँ वर्षमा १ खर्ब ६०७० अर्ब रुपैयाँ बराबरको व्यापार हुन्छ । ६ ७ अर्ब रुपैयाँ राजस्व सञ्चालन हुन्छ । भूकम्पले तातोपानी नाका अवरुद्ध बनाएको थियो । हामीमाथि भारतले नाकाबन्दी लगाउँदा किन चीनले तातोपानी नाका खोलेर हामीलाई सहयोग गरेन ? बनाउन सकिने नाका चीनले किन बनाइदिएन ? चीनले हामीलाई हेलिकोप्टरबाट सामान पठाइदिउँ कि कार्गोबाट सहयोग गरौं भन्यो । तर, सहज बाटो तातोपानी नाका नखोल्दा हामीले चिनियाँ नियतमाथि शंका गर्नैपऱ्यो । हामीलाई संकट पर्दा चीनले पनि संवेदनशीलता देखाएन । अझ भनूँ दिल खोलेर सहयोग नगरेकै हो । भारतले नाकाबन्दी गरेपछि नेपाल सरकारले चीनलाई तीनचार पटक तातोपानी नाका खोल्न आग्रह गरेको रहेछ । तर, चीनले पटकपटक हामी तातोपानी नाका खोल्न सक्दैनौं भन्ने जवाफ दिएको रहेछ । तातोपानीको विकल्पका रुपमा केरुवाट सहयोग गर्ने चीनले प्रस्ताव गऱ्यो । तर, त्यहाँ पूर्वाधार बनिसकेको छैन । पूर्वाधार भएको नाका रोक्ने अनि अर्को नाका खोली भनेर भन्ने चिनियाँ भनाइले नेपालीको मनमा के भयो होला ? मेरै मनमा आयो कि हामीलाई यत्रो अफ्ट्यारो पारिरहेको छ । तर, तातोपानी नाका बन्द छ, किन ? दुई/चार ट्रयाकर इन्धन पठाइदिनु, यस्तो सहयोग गछौं, उस्तो सहयोग गछौं भन्दै होहल्ला गर्नुभन्दै ठूलो कुरा होइन । चीनले दीर्घकालीनरुपमा तातोपानी सञ्चालन गर्न चाहँदैन थियो भने पनि तत्कालका लागि भने नेपाललाई सहयोग गर्न उहिल्यै नै खोल्न त पर्थ्यो नि ।

संसदको विकास समितिको टोली मेरै नेतृत्वमा तातोपानीको स्थलगत निरीक्षणमा गयौं, अन्य विभिन्न नाकाहरुमा पनि पुग्यौं । र, सम्भाव्य नाकाहरुमा पनि पुग्यौं । भारतले नाकाबन्दी गरेपछि नेपाल सरकारले चीनलाई तीनचार पटक तातोपानी नाका खोल्न आग्रह गरेको रहेछ । तर, चीनले पटकपटक हामी तातोपानी नाका खोल्न सक्दैनौं भन्ने जवाफ दिएको रहेछ ।

संसदको विकास समितिको स्थलगत अध्ययनले के देखायो भने चीन सरकारले गर्न्यो भने तत्काली तातोपानी नाका सुचारु गर्न सकिन्छ । तर, गर्ने कि नगर्ने ? हामीले त्यही अनुसारको रिपोर्ट दियौं । परराष्ट्रमन्त्री चीन भ्रमणमा जानुभन्दा अघि हामीले रिपोर्ट सार्वजनिक गरेकाले त्यसले एउटा जनमत सिर्जना गऱ्यो ।

परराष्ट्रमन्त्रीको भ्रमणमा चीनले हामी तातोपानी नाका खुलाउँछौं भन्यो । तर, आजसम्म पनि चीनले केही काम गरेन । अहिलेसम्म नाका खुलेको छैन । अहिले अस्थायीरुपमा चलाउनको निम्ति कुनै कठिनाइ नै छैन । खासै खर्च पनि लाग्दैन ।

उसले खासायाठ वस्ती सारेको छ । त्यो कठिनाइ हामीले पनि बुझ्नुपर्छ । उनीहरुले अप्ठ्यारो हामीले बुझ्नुपर्छ र बुझिरहेकाछौं भने हाम्रो अप्ठ्यारो उसले बुझ्नुपर्छ कि पर्दैन ? छिमेकी भएको नाताले । भारतले चीनलाई नेपालमा सहयोग नगर्न दबाव दिएका कारण चीनले हामीलाई दिल खोलेर सहयोग नगरेको पनि हुन सक्छ । भारत चीनलाई दबाव दिनसक्ने तौसियतमा छ किनभने उ चीनको निकै ठूलो 'क्लाइन्ट' हो ।

व्यक्तिगतरुपमा म नेपाल र भारत अनि नेपाल र चीनबीच अत्यन्तै सुमधुर सम्बन्ध हुनुपर्छ भन्ने विचार राख्ने मान्छे हुँ । कतिपयले कम्युनिष्ट भएकाले पो चाइनिज पनि भन्लान् । तर, त्यस्तो व्यक्ति होइन । अबको दुनियाँमा नेपाल र चीन अनि नेपाल र भारतको सकिर्णं सम्बन्धको मात्रै कुरा गर्नुहुँदैन । हामी चीनसँग सम्बन्ध बनाउँदा भारत रिसाउला कि भन्नुपर्दैन कि भारतसँग सम्बन्ध राम्रो सम्बन्ध भारत र चीनबीच छ ।

नरेन्द्र मोदी गुजरातका मुख्यमन्त्री थिए, उनलाई अमेरिका र युरोपले भिसा नदिँदा चीनले रातो कार्पेट बिछ्याएर स्वागत गर्‍यो । चीन र भारत मिलिसके । तर, भारत रिसाउँछ कि भन्दै हामीचाहीं चीनसँग सम्बन्ध गाँस्न डराउनु भनेको अत्यन्तै दुर्भाग्यपूर्ण कुरा हो । हामीले पनि हाम्रा कुरामा अडान लिन सक्नुपर्छ । अब हामीले पूर्णरुपमा भारतसँग छोडेर चीनसँग जानेभन्दा पनि चीनसँग जानेभन्दा पनि चीनसँग पनि व्यापार विस्तार गर्नेतर्फ सोच्नुपर्छ । १९०० किलोमिटर बाटो जोड्दा भारत चीनसँगको पुल बन्ने अवसर छ नेपालमा । र, हामीले त्यसबाट लाभ लिनुपर्छ ।

यदि यही संकट भारत र चीनलाई परेको भए उनीहरुको अवस्था के हुन्थ्यो होला ? भूकम्प र नाकाबन्दीका कारण हाम्रो देश अत्यन्तनै नाजुक अवस्थामा पुगिसकेको छ । आर्थिक वृद्धिदर २ प्रतिशतभन्दा कम हुने पक्कापकी छ । यस्तो अवस्थामा हाम्रो अर्थतन्त्रले संघीयतालाई व्यवस्थापन कसरी गर्न सक्छ ? र, गणतन्त्रको संस्थागत कसरी हुन्छ भन्ने महत्वपूर्ण प्रश्न उब्जाएको छ ।

यो वा त्यो बहानामा भएका यी खेलहरु संघीयता र गणतन्त्रलाई समाप्त पार्नेतर्फ केन्द्रित छन्, त्यसैले हामी सजग हुनु अत्यावश्यक छ ।

नाटकीय ढंगले खुलेको वीरगञ्ज नाका

दीपेन्द्र झा

वीरगञ्ज-रक्सौल नाका अन्ततः शुक्रवारदेखि खुलेको छ। एक सय ३५ दिनको अवरोधपछि यो नाका जसरी खुलेको छ, यसले छ महिनादेखि जारी आन्दोलनलाई पनि तत्काललाई झण्डै निस्प्रभावी तुल्याएको छ। यसपालिको आन्दोलन मधेस विद्रोहमा परिणत हुन नसके पनि आन्दोलनमा मधेसीका ठूलो हिस्साले लामो समयसम्म सहभागिता जनाइरहयो। आन्दोलनमा मधेसीहरुको व्यापक सहभागिता रह्यो भन्ने कुरामा दुई मत हुनसकैन। आन्दोलनमा मा ५५ जनाको सहादत भैसकेको छ भने र दर्जनौं घाइते भएका छन्। कोही अपाङ्ग भएका छन्।

यसकारण यसपालिको मधेस आन्दोलनलाई सफलताको विन्दुमा पुर्‍याउनु मधेसी मोर्चाको लागि स्टेक हाइ थियो। वीरगञ्ज सीमाको नाकाबन्दीलाई यो सहरले मधेस आन्दोलनमा गरेको योगदानको कसीमा पनि हेर्नुपर्दछ। सबैजसो मधेस आन्दोलनमा वीरगञ्जको योगदान उच्च रहेको छ। यसपालि पनि वीरगञ्जबाट झण्डै दुई दर्जन मधेसी सपूतहरुले सहादत पाएका छन्। यतिखेर काठमाडौंले नाका खुलेकोमा खुसीयाली मनाइरहेको छ, तर सबैले बुझ्नुपर्ने कुरा के हो भने यो खुसीयाली दीर्घो होइन। किनभने जुन हिसाबले नाका खुलेको छ, त्यसबाट मधेसी जनताले आफ्नो जीत हासिल भएको अनुभव त गर्दैनन्, उनीहरुले आफ्नो हार पनि स्वीकारेका छैनन्।

यदि सरकारले वल प्रयोग गरेर नाका खुलाएको भए जनताले आफ्नो हार भएको अनुभव गर्थे र उनीहरु शक्ति सञ्चय गरी फेरि अर्को पटक नाका बन्द गर्ने प्रयास गर्न सक्थे। तीन प्रमुख दल र सरकारले एउटा सहमति गरेर नाका खुलाएको भए त्यो दुवै पक्षको लागि 'विन विन'को स्थिति हुनसक्थ्यो। यो स्थिति तब सिर्जना हुन सक्थ्यो, जब तीन प्रमुख दल र संयुक्त प्रजातान्त्रिक मधेसी मोर्चाबीच प्रान्तहरुका सीमांकनको सवाललाई एक राजनीतिक संयन्त्रमार्फत् समाधान गर्न कायदेशको विषयलाई सवैधानिक सुनिश्चितता गराएर, माथिल्लो सदनमा समेत जनसंख्याको आधारमा प्रतिनिधित्व गर्ने र नागरिकताको कुरामा अझ स्पष्टता कायम गरेर अघि बढ्ने सहमति हुन्थ्यो। यसो हुनसकेको भए देश र मधेस दुवैको हितमा हुने थियो। तर यहाँ के देखियो भने नाकाबन्दीको कारण तस्करी गर्न नसकेकाहरुले अन्ततः नाका खुलाए भनै उनीहरुले सर्वसाधारण जनताले दुःख पाएकै तर्क गरेर मानिसहरुका मन जितेका हुनसक्छन्। भन्न खोजेको कुरा के हो भने, राजनीतिले नाकाबन्दी खुलाउनेबारे निर्णय लिन सक्नुपर्नेमा अन्ततः तस्करी गर्नेहरुले राजनीतिक विषयमा निर्णय लिएको देखियो।

ठीक छ, मधेसी मोर्चाका केही नेताहरुका अप्रोपित सहमति होला नाकाबन्दी खुलाउनमा तर आखिर आन्दोलन सफल पार्न छ महिनादेखि ज्यानको माया मारेर आन्दोलनमा होमिएका मोर्चाका कार्यकर्ता, शुभचिन्तक र शताब्दियौं देखि विभेद र पछौटेपनको सिकार मधेसी, थारु, मुस्लिम, जनजाति, दलित र महिलाहरुले के पाए यो प्रश्नको जवाफ राजनीतिक दलहरुले खोज्न जरुरी छ होइन भने भोलि हुने कुनै पनि आन्दोलनमा मधेसीहरुले सहभागिता जनाउन गर्न निकै समय लाग्नेछ। फेरि आन्दोलनका लागि शक्ति संचयमा समय लाग्न सक्छ त्यसमा पनि 'डिमोरलाइज्ड' घर फर्केकाहरु फेरि उठ्न भनै गाह्रो हुन्छ। अकौंतर, जुनरुपमा नाका खुलेको छ, त्यसबारेमा नेपालका नागरिक समाज र सञ्चारजगत् पनि घोत्लिन आवश्यक छ।

हामी सबैले के बुझ्न जरुरी छ भने, नाकाबन्दी अहिंसात्मक आन्दोलनको अन्तिम अस्त्र थियो। र, यो अन्तिम अस्त्र असफल हुनु भनेको हिंसात्मक राजनीतिमा विश्वास गर्नेलाई बल दिनु हो। अहिंसात्मक आन्दोलनको अन्तिम अस्त्र असफल हुँदा हिंसात्मक राजनीतिलाई जन्म दिने खतरा रहन्छ। यदि मोर्चाको नाकाबन्दीले हासिल गर्ने खोजेको लक्ष्य प्राप्त गर्न मोर्चाले पुनः प्रयास गरेन। तीन दल र सरकारले पनि अब नाकाबन्दी खुलाइन्यो, अब मधेसीहरुको कुनै पनि माग पूरा गर्न आवश्यक छैन भन्ने सोचे भने मधेसको स्थिति झन खराब हुनेछ। त्यसपछिको निराशामा पथकतावादीले बढावा पाउनेछन् र अन्ततः उनीहरुले नै शान्तिपूर्ण राजनीतिलाई विस्थापित गर्नेछन्।

मधेस अशान्त भइरह्यो भने त्यो झण्डै १८०० किलोमीटर खुला सीमा रहेको भारतको लागि पनि सधैंको टाउको दुखाइ भइरहनेछ। त्यसकारण विनालक्ष्य प्राप्ति जसरी नसक्नु र समान नागरिकको रुपमा मयादित जीवन बाँच्न नसक्नु हो भन्ने कुरा बुझ्न आवश्यक छ।

समानता र मर्यादाको रक्षाको लागि भएको यो मधेस आन्दोलनको लागि सुरक्षित अवतरण हुन आवश्यक थियो जसरी वीरगञ्ज नाका नाटकीय ढंगले खुल्यो, त्यसबाट आन्दोलनको सेफ्ल्यान्डिङ हुन सकेन। त्यसकारण यसले खतराको स्थिति सिर्जना गर्ने जोखिम कायमै छ। सरकार र तीन दलले जितेको जस्तो अनुभव नगरी मधेस आन्दोलनको सुरक्षित अवतरण गर्न जरुरी छ। होइन भने उनीहरुले पनि नाकाबन्दी छोडेर बार्तामा आधारमा समस्याको समाधान गर्ने कुरालाई विगतमा आफ्नो शर्त पनि नभएकैं थियो।

यसकारण नाका खुलिसकेको अवस्थामा डिलो नगरी तत्काल राजनीतिक मुद्दालाई सम्बोधन गर्न आवश्यक छ। जसले गर्दा लामो समयदेखि नाकामा बसेका जनताले हामीले केही पायौं भन्ने अनुभूति र नाकाबन्दी खुलेको पनि पुष्टि हुन्छ। र, सदाका लागि मधेसको द्वन्द्व पनि समाधान हुने बाटो खुल्छ। सिमांकन परिवर्तन गर्न राजनीतिक संयन्त्रको क्षेत्राधिकार र संवैधानिक सुनिश्चितता गर्नेगरी एकदुई दिनमै यो संयन्त्र बनाउन आवश्यक छ।

साभार : सेतोपाटी

फलफूल वितरण

मोरङेन न्यूज संवाददाता
पोखरा २५ माघ ।

सामुदायिक सेवा एवं सामुदायिक प्रहरी सेवा जिल्ला समन्वय समितिको आयोजनामा जिल्ला कास्की पो.उ.म.न.पा वडा नं. १५ हरियो खर्क स्थित कुष्टरोग अस्पतालमा रहेका विरामीहरुलाई संस्थाका अध्यक्ष विष्णु बहादुर भट्टराको अध्यक्षतामा फलफूल वितरण कार्यक्रम सम्पन्न भएको छ। संस्थाको ११ औं वार्षिक उत्सवको अवसरमा गरिएको फलफूल वितरण कार्यक्रममा हरियो खर्क कुष्टरोग अस्पतालका प्रमुख कमल नेपालीको प्रमुख आतित्यतामा सम्पन्न भएको थियो । विशेष अतिथि अस्पतालका डा.वैवेन्द्र गुरुङ रहेका थिए । कार्यक्रममा अस्पतालमा उपचारमा संलग्न ५५ जना विरामीहरुलाई फलफूल वितरण गरिएको थियो ।

अध्यक्ष विष्णु बहादुर भट्टराईले सामुदायिक सेवाको काम कार्यको परिचय दिदै विभिन्न जनचेतना जगाई सभ्य समाजको स्थापना गर्न सामुदायिक सेवाले महत्वपूर्ण भूमिका रहेको बताए । कार्यक्रमको संचालन संस्थाका महासचिव चकपाणि सुवेदीले गरेका थिए ।

सरकार...

एयाले नेतृत्वको सरकार प्रयासरत रहेको भन्दै महासचिव पोखरेलले कसैलाई गाली गरेर वा लम्सार परेर होइन, सिधा बार्ता र छलफल गरेर सबै मुद्धा सम्बोधन गर्न सकिने र सम्बन्ध सुमधुर बनाउन सकिने स्पष्ट पारे ।

महासचिव पोखरेलले हिंसात्मक गतिविधि गरेर र दबावका भरमा संविधान परिवर्तन हुन सक्दैन भन्दै उनले विधि, प्रकियाबाट औंचित्यका आधारमा माउँ संविधानका धारामा संशोधन गर्न सकिने बताए । देशको अवस्था चरम विरोधको बेलामा एमालेले सरकारको नेतृत्व सम्हालेकाले सबैलाई सन्तुलित बनाउँदै अघि बढ्दा काममा केही शिथिलता देखिनु स्वभाविक नै भएको उनको भनाइ थियो । प्रेस चौतारी नेपाल कास्कीका अध्यक्ष माधव बरालको अध्यक्षतामा भएको सो कार्यक्रममा उपाध्यक्ष रामजी लम्सालले मन्तव्य व्यक्त गरेका थिए ।

ठूला र आवासीय सामुदायिक विद्यालय निर्माणको अवधारणा

प्रकाश सिलवाल
काठमाडौं २४ माघ ।

सामुदायिक विद्यालयको गुणस्तर खस्कदो र विद्यार्थीको सङ्ख्या घट्दै गएको गुनासो बढेका बेला सरकारले ठूला र आवासीय विद्यालय स्थापनाको अवधारणा ल्याएको छ। आउँदो आर्थिक वर्षदेखि लागू हुने सो अवधारणाअन्तर्गत करिब ३०० त्यस्ता ठूला विद्यालय बन्नेछन्। प्रति विद्यालय कम्तीमा एक हजार विद्यार्थी हुनेछन्। त्यस्ता विद्यालयमा पढ्ने, बस्ने र खानेलगायत सबै सुविधा सरकारले व्यहोर्नेछ तर सीमान्तकृत, दलित, महिला, अपाङ्ग, विपन्न र पिछडिएको क्षेत्र तथा प्रतिभावान विद्यार्थीले मात्र त्यस्ता विद्यालयमा पहुँच पाउनेछन्।

हाल गठीमन्तर्गत सञ्चालित ब्रह्मानीलकण्ठलगायत पाँच विद्यालयकै अवधारणालाई विस्तार गर्दै सरकारले नयाँ कार्यक्रम ल्याएको हो। निजी तथा आवासीय विद्यालयमा विद्यार्थी आकर्षित भएको सन्दर्भमा सामुदायिक विद्यालयको साख बचाउन यातु निकाय र सरोकारवालाको सुझावमा मन्त्रालयले नयाँ कार्यक्रम ल्याउन लागेको हो। त्यस्ता विद्यालय सूचना प्राविधिसहित सोलारजडित हुनेछन्। शिक्षा मन्त्रालयले तयार गरेको सातवर्षे विद्यालय क्षेत्र विकास कार्यक्रम (एसएसडिपी) २०१५ २०२२ को अवधारणा पत्रमा ठूला र आवासीय सामुदायिक विद्यालयको कार्यक्रम उल्लेख छ। मन्त्रालयका महासचिव डा लवदेव अवस्थीले मुलुक नयाँ आर्थिक योजनाको चरणमा प्रवेश गरेको समयमा शिक्षा क्षेत्रमा पनि नयाँ प्रस्थानबिन्दुको खोजी गरिएको बताए। उनले हाल झण्डै छ हजार सामुदायिक विद्यालयमा ५० जनाभन्दा कम विद्यार्थी रहेको स्थितिमा ठूला सामुदायिक विद्यालयले सरकारको लगानी र सेवा प्रवाहमा पनि सहजीकरण गर्ने अपेक्षा व्यक्त गरे।

विद्यालय क्षेत्र विकास कार्यक्रमको अवधारणामा सुशासन सहजकलगा यस्ता मन्त्रालयका उपसचिव डा मुकुन्दमणि खनालले त्यस्ता विद्यालयमा शिक्षकलाई पनि थप सुविधा हुने जानकारी दिए।

शिक्षाविद् डा मनप्रसाद वाग्ले सो नयाँ अवधारणा सकारात्मक ठान्दै विगतमा विद्यालय सुधारका लागि शिक्षकको प्रतिबद्धता र सरकारको अनुशमन प्रभावकारी हुनुपर्ने बताउछन्। करिब रु १० खर्चको सात वर्ष यो नयाँ कार्यक्रमका कतिपय संरचनात्मक सवाललाई सुनिश्चित गर्न विद्यमान शिक्षा ऐनमा संशोधन गर्नुपर्ने हुन्छ।

विद्यालय क्षेत्र विकास कार्यक्रम, विश्व शिक्षा मञ्चको इन्चोन घोषणा तथा दिगो विकास लक्ष्यको अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई पछ्याउँदै आएको हो। यसमा विपद् न्यूनीकरणको सवाल पनि थप गरिएको छ भने एक वर्षको प्रारम्भिक बाल विकाससहित विद्यालय शिक्षाको संरचनामा ल्याएको छ, त्यसो गर्दा शिक्षाको विद्यमान बजेट वृद्धि हुनुपर्ने हुन्छ।

पाँच वर्षअघि ल्याएको विद्यालय क्षेत्र सुधार कार्यक्रम (एसएसआरपी) को अवधि आगामी जुलाइमा समाप्त भई नयाँ कार्यक्रम सुरु हुन लागेको हो। योजनाले मुलुकको वर्तमान परिवेशमा सुधार तथा विकास दुवै पक्षका आवश्यकता लाई सम्बोधन गर्ने दृष्टिकोण राखेको छ भने सङ्घीय शासन व्यवस्थाले ल्याएको परिवर्तनअनुरूप शिक्षा क्षेत्रमा सुधार गर्ने लक्ष्य लिएको छ।

यसले विद्यमान कानुनी ढाँचामा परिवर्तन गर्नुपर्ने आवश्यकता औल्याएको छ। "विकासको क्रम गर्दा विशेषका गुणस्तर, सक्षमता तथा सेवा प्रवाहमा सुधार गर्ने र सीमान्तकृत तथा कठिन पहुँचमा रहेको जनसङ्ख्याका लागि पहुँच बढाउने कुरामा लक्षित हुने छ। यसका लागि कार्यक्रमको पुनरावलोकन तथा सेवा प्रदायक एकाइको क्षमता वृद्धि गर्नु आवश्यक छ" योजनाको दस्तावेजमा भनिएको छ। लोकतन्त्र तथा मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि तयार, निरन्तर शिक्षाप्रति प्रतिबद्ध, श्रमप्रति सकारात्मक दृष्टिकोण, स्वरोजगार उन्मुख, मुलुक र समुदायप्रति सकिय, एकाइसौं शताब्दीमा मुलुक, समाज तथा जनताले भोगिरहेका चुनौतीको सामना गर्न र समाधानमा योगदान गर्न सक्षम नागरिक तयार पार्ने योजनाका दुरदृष्टि रहेको छ।

लक्षित समूह तथा क्षेत्रमा भएको विभेदलाई न्यूनीकरण गर्दै शिक्षा प्रणालीमा पहुँच, सहभागिता तथा सिकाइ उपलब्धिका दृष्टिले समावेशीता तथा समता सुनिश्चित गर्ने, शिक्षामा सान्दर्भिकता एवम् गुणस्तरीयता अभिवृद्धि गर्ने, विपत् प्रतिरोधक प्रणालीको विकास गर्ने उद्देश्य लिएको छ।

शिक्षण सिकाइ प्रक्रिया तथा सिकाइ उपलब्धिमा स्वीकृत न्यूनतम मापदण्ड सुनिश्चित गर्दै सुदृढ र स्थानीय सरकारपति जवाफदेही शैक्षिक सुशासन तथा व्यवस्थापनको सुदृढीकरण गर्ने, केन्द्रीय, प्रान्तीय एवम् स्थानीय सरकारबीच मूल्य साझेदारीको अवधारणा अवलम्बन गरी दिगो र सुदृढ वित्तीय व्यवस्थाको विकास गर्ने पनि यसको लक्ष्य छ। रासस

रिसर्च एण्ड कम्युनिटी डेभलपमेण्ट फण्डमा सहयोग

पोखरा २५ माघ ।(गोल्डेन)

कान्तिपुर इन्टिच्युट अफ हेल्थ साइन्सले आफ्नो स्थापनाको ११ औं वार्षिकोत्सव र कान्तिपुर डेण्टल हस्पिटलको १६ औं वार्षिकोत्सवको अवसरमा स्थापना गरेको कान्तिपुर रिसर्च एण्ड कम्युनिटी डेभलपमेण्ट फण्डमा स्वतस्फूर्त आर्थिक सहयोग आउने क्रम जारी रहेको जनाइएको छ। उक्त फण्डमा युवा उद्यमी तथा पर्यटन व्यवसायी एवम् एन आर एन हङकङका सदस्य जनकराज पहारीले एक लाख रुपैयाँ नगद सहयोग गरेको छन्। उक्त सहयोग रकम इन्टिच्युटका अध्यक्ष वृद्धिमान श्रेष्ठलाई आफ्नो स्थापनाको १९ औं वार्षिकोत्सवका अवसरमा गरिएको थियो।

लेकसाइड पोखरा निवासी पहारीले दुर्गम भेगका गरिब दुखीहरुको मुख स्वास्थ्य उपचारमा यस संस्था मार्फत सहयोग पुऱ्याउन पाएकोमा खुसी व्यक्त गरेका थिए। उनले कान्तिपुर डेण्टल हस्पिटलले थालेको यो अभियान सफल पार्न सबैले मन फुकाएर सहयोग गर्नुपर्ने विचार व्यक्त गरे। उक्त कोषमा माघ २९ गते लेकसाइडकै पर्यटन व्यवसायी मनोज श्रेष्ठले २५ हजार र राप्रपा युवक संगठनका केन्द्रीय सदस्य हिम्मत जंग कार्कीले ५१ हजार नगद सहयोग गरेका छन्।

कान्तिपुर डेण्टल हस्पिटलले ग्रामीण दुर्गम भेगका जनताहरुलाई मुख स्वास्थ्य सम्बन्धी निशुल्क उपचार एवम् जनचेतना फैल्याउने उद्देश्यले स्थापित रिसर्च एण्ड डेभलपमेण्ट कोषले आफ्नो लक्ष्य र ठोस उद्देश्य पूर्तिका लागि शाख रकम खर्च गर्ने नीति लिएको संस्थाका अध्यक्ष श्रेष्ठले बताए। हाल गण्डकी र धौलागिरिका विभिन्न जिल्लाका गाउँ बस्तीहरुमा यो कार्यक्रम सञ्चालन गरिरहेको र आउँदा दिनमा लेकसाइडकै पर्यटन व्यवसायी मनोज श्रेष्ठले २५ हजार र राप्रपा युवक संगठनका केन्द्रीय सदस्य हिम्मत जंग काकीले ५१ हजार नगद सहयोग गरेका छन्।

साधारणसभा सम्पन्न

